तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तिलोत्तमा-५, मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

नगर उप-प्रमुखज्यू,
कार्यपालिका सदस्यहरु,
कार्यकारी अधिकृत तथा कर्मचारीहरु,
एवं आदरणीय पत्रकार मित्रहरु !

सर्वप्रथम हाम्रो निमन्त्रणालाई स्वीकार गरी यो पत्रकार सम्मेलनमा पाल्नु भएका सम्पूर्ण आदरणीय पत्रकार मित्रहरुलाई तिलोत्तमा नगरपालिका, नगर कार्यपालिका परिवार र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु । गत असार १४ गते सम्पन्न स्थानीय तह निर्वाचनबाट निर्वाचित भएपछि तिलोत्तमा नगरपालिकामा आएका हामी जनप्रतिनिधिहरुले पदस्थापनको एक सय दिन पार गरिसकेको अवस्थामा यसबीचमा भए/गरेका काम/कारवाही र गतिविधिका बारेमा आमसञ्चार माध्यममार्फत् नगरबासीमा जानकारी गराउने उद्देश्यले यो पत्रकार सम्मेलन आयोजना गरिएको हो । अब म हामीले यो अवधिमा गरेका केही उल्लेखनीय कामहरुको छोटो विवरण प्रस्तुत गर्न चाहान्छु ।

**एक अर्ब ६९ लाखको बजेट निर्माण :**

- नगरपालिकाले आर्थिक वर्ष २०७४/७५ का लागि एक अर्ब ६९ लाख रुपैंयाँको बजेट सार्वजनिक गरेको व्यहोरा यहाँहरुलाई अवगत नै छ । बजेटमा नगरपालिका तथा वडा कार्यालय भवन निर्माण, सडक कालोपत्रे, सडक ग्राभेल, भ्यूटावर, बसपार्क निर्माणलगायतका विकासका योजनाका साथै समावेशिताको सिद्धान्तअनुरुप रकम विनियोजन गरिएको छ । बजेटमा नगरभित्रका सामुदायिक बिद्यालयहरुको पूर्वाधार विकास, पर्यटकीय स्थलहरुको संरक्षण-संवर्द्धन, कृषि कार्यक्रम, स्वास्थ्य, फोहोरमैला व्यवस्थापन, सिंचाई अन्य भौतिक पूर्वाधार, स्वरोजगारमूलक कार्यक्रम लगायतका योजनालाई सम्बोधन गरिएको छ ।

**सडक ग्राभेल योजना :**

- पदभार ग्रहणसँगै हाम्रो पहिलो नीतिगत निर्णय ‘नगरका सबै बाटोलाई व्यवस्थित ग्राभेल गराउने’ भन्ने थियो । यो नीतिगत निर्णयसँगै नगरसभाबाट आवश्यक बजेट विनियोजन गरेर नगरका बाटाहरुलाई व्यवस्थित ग्राभेल बनाउने गरी सुरु गरिएको सडक ग्राभेल योजना कार्यान्वयनको चरणमा छ । यसका लागि हामीले चालु आर्थिक वर्षमा ७ करोड ९० लाख रुपैंयाँ विनियोजन गरेका छौं । खाल्टाखुल्टी परेका सडकमा प्राथमिकताका आधारमा मिष्कट बिच्छ्याई आवागमन सहज बनाउने प्रयत्न गरिएको छ । प्रत्येक वडा कार्यालयबाट वडाभित्र ग्राभेल गर्नुपर्ने सडकहरुको नामावली प्राप्त गरी लगत स्टिमेट तयार पारिएको छ । नदीजन्य पैदावारहरुको ठेक्कापट्टाको काम हालसम्म जिल्ला समन्वय समितिबाट भैरहेको र उल्लेखित पैदावारहरुको व्यवस्थापन गर्ने जिम्मेवारी नगरपालिकामा प्राप्त भई नसकेको हुँदा सोचिएअनुरुप कार्यसम्पादन हुन बाँकी नै छ ।

**पशु बीमा र कृषि ऋणमा अनुदानको व्यवस्था :**

- नगरपालिकाले चालु आर्थिक वर्षबाटै पशु बीमामा अनुदानको व्यवस्था मिलाएको छ । पशु बीमाको ७५ प्रतिशत रकम नेपाल सरकारले व्यहोर्ने गरेकोमा बाँकी २५ प्रतिशतको आधा रकम नगरपालिकाले व्यहोर्ने व्यवस्था मिलाइएको छ । यस्तै समूहमा खेती वा पशुपालन व्यवसाय सञ्चालन गर्ने दलित तथा महिलाहरुलाई बढीमा १० लाखसम्मको वित्तीय ऋणमा २ प्रतिशत ब्याज अनुदान दिने व्यवस्था मिलाइएको छ ।

**भवन तथा सडकको नयाँ मापदण्ड :**

- नेपाल सरकारले २०७२ सालको भूकम्पपछि जारी गरेको मापदण्डलाई समेत आधार बनाएर तयार गरिएको 'तिलोत्तमा नगरपालिका भवन निर्माण मापदण्ड-२०७४' नगरसभाबाट पारित भएपछि कार्यान्वयनमा आएको छ । नयाँ मापदण्डअनुसार २०७४ साउन ३२ पछिका सडकको चौडाई न्यूनतम ३० फिट हुनुपर्नेछ । २०७४ साउन ३२ सम्म बनेर प्रयोगमा आइसकेका सडकहरुको हकमा 'कंक्रिट एरिया' पहिचान गरि साविक अनुसारनै कायम गरी घर नक्सा पास गर्ने व्यवस्था गरिएको छ । चलनचल्तीमा रहेका ३० फिटसम्म चौडाइ भएका सडकका साथै नयाँ खोलिने ३० फिट सम्मका सडकहरुको हकमा बाटोको सम्पूर्ण चौडाई कालोपत्रे गरिने व्यवस्था गरिएको छ । अब कित्ताकाँट हुने जग्गा कम्तिमा ५ धुर हुनुपर्ने व्यवस्था पनि नयाँ मापदण्डमा गरिएको छ ।

**एकीकृत नगर विकास गुरुयोजना निर्माणको थालनी :**

- नगरको एकीकृत विकासका लागि गुरुयोजना बनाउने काम अघि बढेको छ । यसका लागि परामर्शदाताले आवश्यक कार्य गरिरहेका छन् । विभिन्न राजनीतिक दलका नेता, इञ्जिनियर, योजनाविद्हरु सम्मिलित एकीकृत नगर विकास गुरुयोजना परामर्श समितिले गुरुयोजनामा समावेश गरिनुपर्ने विषयका सन्दर्भमा आवश्यक सुझावहरु दिइरहेको छ ।

**भ्यूटावर निर्माणका लागि टेण्डर आह्वान :**

- तिलोत्तमा-१ स्थित शंकरनगर वनवाटिका परिसरमा निर्माण हुने भ्यूटावरका लागि नगरपालिकाले टेण्डर आह्वान गरिसकेको छ । यसैगरी वडा नं. १३ को सेमरीमा होमस्टे सञ्चालनका लागि प्रक्रिया अघि बढाइएको छ ।

**दैवी प्रकोप राहत कोष स्थापना तथा वितरण :**

- दैवीप्रकोप पीडितहरुको राहत तथा उद्धारमा सहयोग पुर्‍याउन 'तिलोत्तमा नगर प्रमुख दैवी प्रकोप राहत कोष' स्थापना गरिएको छ । कोषमा नगरपालिकाको बजेटबाहिरको सहयोगलाई मात्र राख्ने व्यवस्था मिलाइएको छ । कोषमा नगरप्रमुख, उप-प्रमुख, कार्यपालिका सदस्य, नगरसभा सदस्य, नगरपालिकाका कर्मचारीलगायत यस क्षेत्रका विभिन्न संघ/संस्था, क्लव, व्यवसायिक प्रतिष्ठान,

स्कुल, कलेजलगायत नगरबासीले सहयोग गर्नुभएको छ । कोषमा संकलित केही रकमबाट तिलोत्तमा नगरलगायत वडा नं. १, ८, ११ र १७ का बाढी तथा डुबान पीडित परिवारहरुलाई राहत प्रदान गरिएको छ । कोषको मिसन डेभलपमेन्ट बैंक लिमिटेड, ड्राईभरटोल शाखामा खाता खोलिएको छ । खाता नं. १००२एल००११०००७१८ मा आफ्नो गच्छेअनुसारको रकम जम्मा गरी मानवीय सेवामा जुट्न हामी सबैलाई आग्रह गर्दछौं । यस्तो पवित्र कार्यमा सहयोग गर्ने सम्पूर्णप्रति हार्दिक नमन व्यक्त गर्दछु ।

**विकासका तीन ठूला आयोजना, प्रस्तावित मेडिकल कलेज र औद्योगिक क्षेत्र :**

- हामीहरु निर्वाचित भएर आईसकेपछि नगर क्षेत्रमा सञ्चालन हुने दीर्घकालिन महत्वका केही विकासका कामहरु अघि बढ्नु सबै नगरबासीका लागि खुशीको कुरा हो । यस्ता विकासका कामलाई हामीले आफ्नो तर्फबाट उच्च प्राथमिकतामा राख्दै सक्दो सहयोग र समन्वयको काम गरेका छौं । यसबीचमा नगरपालिकाको वडा नं. १ र ८ को वन क्षेत्रमा प्रस्ताव गरिएको सरकारी स्तरको मेडिकल कलेजको काम अघि बढेको छ । यस्तै हामीहरुको क्षेत्र समेतमा पर्ने प्रस्तावित मोतिपुर औद्योगिक करिडोरका लागि डिपिआर निर्माणका लागि जग्गाको नापजाँच समेत भएको छ । यसले तिनाउ नदी करिडोरमा औद्योगिक क्षेत्र बन्ने कुरालाई नजिक ल्याएको महशुस हामीले गरेका छौं । यस्तै यस नगरपालिकामा सहरी विकास मन्त्रालयअन्तर्गत् सञ्चालन हुने विकासका तीन आयोजना छनौटको काम अघि बढेको छ । सहरी शासकीय पूर्वाधार सुधार आयोजना-२ अन्तर्गत् नगरपालिकामा झण्डै एक अर्ब लागतका पूर्वाधार विकासका काम हुने प्रक्रियामा छन् । ६ महिनाभित्र तीन आयोजनाको डिपिआर तयार गरी मन्त्रालयलाई बुझाउने गरी परामर्शदाताले काम गरिरहेका छन् । नगरपालिकामा आवश्यक मानिएका सडक, कृषि, खानेपानी, बसपार्क, सिँचाइ, नदी नियन्त्रण, वडा कार्यालयहरु निर्माण, फोहोरमैला व्यवस्थापनलगायतमध्येबाट तीन आयोजना छनौट हुनेछन् ।

**भुमिहीन तथा अव्यवस्थित बसोबासीहरुको लगत संकलन :**

- नगरका अव्यवस्थित तथा भूमिहीन बसोबासीहरुको अभिलेख संकलन तथा अध्ययन गर्न भूमिहीन तथा अव्यवस्थित बसोबासीहरुको अभिलेख संकलन तथा अध्ययन कार्यदल गठन गरी काम अघि बढाइएको छ । कार्यदलले नगरमा रहेका अव्यवस्थित तथा भूमिहीन बसोबासीको लगत संकलन गर्ने काम गरिरहेको छ । विगतमा अव्यवस्थित बसोबासीलाई खानेपानी तथा विद्युत्को सिफारिस रोकिएमा नगर कार्यपालिकाको पहिलो बैठकबाट निर्णय गरी अव्यवस्थित बसोबासीलाई खानेपानी र विद्युत्को सिफारिस दिने तथा उनीहरुबाट घरधुरी कर लिने गरिएको छ ।

**सरकारी/सार्वजनिक जग्गा पहिचान तथा लगत संकलन :**

- नगरमा रहेका सरकारी/सार्वजनिक जग्गा पहिचान तथा लगत संकलनको काम पनि प्रारम्भ भएको छ । सार्वजनिक जग्गा पहिचान तथा संरक्षण समितिले आवश्यक काम अघि बढाएको छ । जग्गाको पहिचान तथा लगत संकलनपछि त्यसको संरक्षणका लागि तारबारको व्यवस्था मिलाइने छ ।

**विभिन्न कानुन तथा कार्यविधि निर्माण :**

- नगरको समग्र क्रियाकलापहरुलाई व्यवस्थित र प्रभावकारी तरिकाले सञ्चालन गर्नका लागि वैठक सञ्चालन कार्यविधि, नगरसभा सञ्चालन कार्यविधि, कार्य सम्पादन कार्यविधि, कार्यविभाजन कार्यविधिलगायतका कार्यसञ्चालन नीतिहरु निर्माण गरिएको छ । नगरपालिकाद्धारा सम्पादन गर्ने कामहरुलाई स्थानीय सरकारको अवधारणाअनुसार अघि बढाउनका लागि कार्यपालिका स्तरीय विषयगत समितिहरु गठन भै विषयगत रुपमा कार्य प्रारम्भ गरिएको छ ।

**नदीजन्य पदार्थको अनियमितता तथा चोरी निकासी नियन्त्रण :**

- तिलोत्तमा नगरपालिका अन्तर्गत्का नदी तथा खोलाहरुबाट भैरहेको नदीजन्य पैदावारको अनियमितता तथा चोरी निकासी नियन्त्रणका लागि विशेष पहलका कामहरु भैरहेका छन् । नाका क्षेत्रमा पर्ने वडाका वडाध्यक्षहरुलाई यस सम्बन्धमा विशेष जिम्मेवारी र अधिकार प्रदान गरिएको छ । यस्तै हामीहरु नगरपालिकामा निर्वाचित भैसकेपछि नगरको समग्र सुरक्षा व्यवस्थाका बारेमा सुरक्षा निकायका अधिकारीहरुसँग समन्वयात्मक बैठक गरी चोरी डकैती, आपराधिक गतिविधि, सडक दुर्घटना, लागुऔषध, नदीजन्य पैदावारको चोरी-निकासी नियन्त्रणलगायतका विषयमा प्रभावकारी काम गर्न सुरक्षा निकायका अधिकारीहरुलाई आग्रह गरिएको छ ।

**बालमैत्री नगरपालिका बनाउन आवश्यक तयारी :**

- नगरपालिकालाई बालमैत्री नगरपालिका बनाउन आवश्यक तयारी थालिएको छ । बालअधिकारको रक्षासँगै बालबालिकाहरुको चौतर्फी विकासका लागि आवश्यक वातावरण निर्माणको पहल नगरमा सुरु गरिएको हो । प्रारम्भिक चरणमा नगरसभा सदस्य एवं कर्मचारीहरुको घरबाट बालमैत्री नगर निर्माणका आधारहरु तयार गर्ने निर्णय गरी त्यसलाई कार्यान्वयन गरिएको छ । नगरपालिका क्षेत्रमा बालश्रम उन्मूलन, सबै बालबालिकाको शिक्षामा पहुँच, बाल विवाहको अन्त्य, स्वास्थ्य उपचारको सुनिश्चितता, कुपोषणबाट बालबालिकालाई बचाउनेलगायतका बालमैत्री नगर बनाउन आवश्यक सूचक पूरा गर्नेगरी काम अघि बढाइएको जानकारी यहाँहरु समक्ष गराउन चाहान्छु ।

**स्थानीय शिक्षा तथा सहकारी व्यवस्थापन सम्बन्धी कार्य :**

- नगरको शिक्षा तथा सहकारीलाई थप व्यवस्थित र गुणस्तरीय बनाउने गरी आवश्यक नीति तय गर्न आवश्यक कार्य प्रारम्भ गरिएको छ । प्राविधिक शिक्षालाई प्राथमिकतामा राखेर नगरको शिक्षा नीति तर्जुमा गर्न सरोकारवालाहरुसँग एक चरण छलफल भएको छ । शिक्षा सुधार तथा व्यवस्थापन उप-समिति गठन गरी शैक्षिक नीति निर्माणको काम प्रारम्भ गरिएको छ । सामुदायिक र निजी विद्यालयबीचको दूरी घटाउँदै कतिपय सामुदायिक विद्यालयमा विद्यार्थी र शिक्षकको अनुपात नमिलेकाले विद्यालय समायोजन र दरबन्दी मिलान गर्नुपर्ने आवश्यकतालाई हामीहरुले आत्मसाथ गरेका छौं । नगरपालिकाको शैक्षिक अवस्थाको तथ्यांकगत अवस्था झल्किने गरी शैक्षिक प्रोफाइल तयार पार्ने काम भैरहेको छ । यो शैक्षिक सत्रभित्र नगर शिक्षा नीति तथा कार्यक्रम बनाउने हाम्रो लक्ष्य छ ।

- यस्तै नगरपालिकामा रहेका सहकारीहरुको वस्तुगत विवरण तयार पार्न कार्यदल गठन गरिएको छ । सहकारी सुधार तथा व्यवस्थापन सुझाव उप-समितिको बैठकले सहकारी संघ-संस्थाहरुमा रहेको पूँजीलाई उत्पादनमुलुक क्षेत्रमा कसरी लगानी गर्न सकिन्छ भन्ने बारेमा सुझाव दिन विषयगत सहकारीका आधारमा विभिन्न कार्यदल समेत गठन गरेको छ ।

  ती कार्यदलले स्थानीय तहसँग सहकार्य गरी सहकारीले नगरको समग्र विकास व्यवस्थापनमा गर्न सक्ने काम, सहकारीका माध्यमबाट गर्न सकिने उद्यमशीलताको विकास, सहकारी संघ-संस्थाको व्यवस्थित परिचालनलगायतका विषयमा सुझावसहित प्रतिवेदन पेश गर्नेछन् । हामीले सबै सहकारीलाई अनुगमनको दायरमा ल्याउँदै उत्पादनमुलुक क्षेत्रका लगानी गर्न प्रोत्साहन हुने नीति बनाउन खोजिरहेका छौं । स्थानीय सहकारीहरुलाई व्यवस्थित गराउन सहकारी ऐनको ड्राफ्ट तयार पारिएको छ ।

**सार्वजनिक सेवा प्रवाह र सुशासन :**

- स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ बमोजिम वडा कार्यालयहरुबाट सम्पादन हुने कामहरु तत वडा कार्यालयहरुबाट नै सम्पादन हुने व्यवस्था मिलाईएको हुँदा जननिर्वाचित प्रतिनिधिहरु आईसकेपछि जनसेवामा सुधार आएको छ । यसअघि हुन नसकेका जनताका कतिपय कामहरु जनप्रतिनिधिहरु आएपछि भएका छन् । हामीले नगरपालिकामा एकल वडा कार्यालय सञ्चालन गर्ने निर्णय गरिसकेका छौं । अधिकांश वडामा कार्यालय संचालनका लागि भवनको व्यवस्था भै रंगरोगनको काम भईरहेको छ भने वार्ड नं. ४, ८, ११, १६ यसै हप्ता सञ्चालनमा आउँदैछन् । हाल संचालमा रहेका वडा कार्यालयहरुको मर्मत सम्भारको काम सुरु भईसकेको छ । निकट भविष्यमा नै Entra Network मार्फत सेवा प्रवाह गरिने गरी काम भईरहेको छ । यसले सेवा प्रवाहलाई जनमैत्री बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । जननिर्वाचित पदाधिकारीहरुको आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याईएको छ । कार्यालयमा विद्युतीय हाजिरी मेसिन जडान गरी संचालनमा ल्याईनुका साथै कार्यालय परिसरमा सिसि क्यामरा जडानको काम अन्तिम चरणमा पुगेको छ । सार्वजनिक हानी नोक्सानी नपुराउने तर प्रचलित मापदण्ड पूरा गर्न नसकेर नक्सापास, नक्सा नियमित गर्ने लगायतका कामहरु थाँती रही समस्यामूलक बनेका स्थानीय जनताका समस्याहरु स्थलगत अनुगमन गरी समस्याको हल गर्ने परिपाटीको सुरुवात गरिएको छ । साथै चालु आर्थि वर्षदेखि अनलाइन घटना दर्ता प्रणालीको सुरुवात् भएको छ ।
- स्वास्थ्यमा नागरिकहरुको सहज पहुचको लागि पहिला वडा नं ७ को भलबारी स्थित पुन टोलमा शहरी स्वास्थ्य केन्द्रको स्थापना गरिएको छ भने भवन निर्माणका लागि करिब पाँच कठ्ठा जग्गाको व्यवस्था मिलाउने काम अगाडि बढेको छ ।

**स्थानीय न्याय सम्पादन :**

- प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी न्यायिक समितिले स्थानीय न्याय सम्पादनको काम प्रारम्भ गरेको छ । यसले साना तिना विवादको निरुपण स्थानीय तहबाटै समाधान हुने परिपाटीलाई सुरुवात् गरेको छ ।

**छाडा चौपायाको व्यवस्थापन :**

- नगरअर्न्तगत्को बुटवल-बेलहिया सडकमा दिनहुँजसो भैरहेको छाडा चौपायाको मृत्यु तथा त्यसले गराउने सवारी दुर्घटना नियन्त्रणमा सहयोग पुर्याउने उद्देश्यले नगरपालिकाले छाडा चौपायालाई सडकमा आउन नदिन र सकेसम्म गौशाालामा पुर्याउने व्यवस्था गरेको छ। एउटा छाडा चौपाया छोपी गौशालामा पुर्याउनेलाई रु ५ सय दिने व्यवस्था मिलाइएको छ। छाडा चौपायाले सडकमा लगाइएका बिरुवाहरु समेत नोक्सान गरिरहेकाले छाडा चौपायाको नियन्त्रणले बिरुवाको संरक्षणमा समेत टेवा पुग्ने हामीहरुको विश्वास छ। यस्तै वडा नं. १ र ८ को वन क्षेत्रमा रहेको गौशाला व्यवस्थापनका लागि हामीले यस वर्ष पनि बजेट विनियोजन गरेका छौं भने त्यसलाई प्रभावकारी बनाउन आवश्यक गृहकार्य पनि गरिरहेका छौं।

**सरसफाई अभियानलाई नियमितता प्रदान**

- नगरलाई सफा, सुन्दर र हरभरा बनाउन हामीले सरसफाई अभियानलाई नियमित बनाएका छौं। साउन ९ गतेबाट सुरु गरिएको सरसफाई अभियानलाई टोल-टोलसम्म पुर्याउन नगर कार्यपालिकाको बैठकबाट हरेक १ र १५ गते नियमित रुपमा सरसफाई अभियान चलाउने निर्णय भएअनुसार कार्तिक १ गतेबाट समुदायमा आधारित वृहद् नगर सरसफाई अभियान सुरुवात् गरिएको छ। नगरका सडकहरुलाई हरियाली बनाउने उद्देश्यले बुटवल-बेलहिया सडक किनारमा विभिन्न क्लव, संघ-संस्थासँगको सहकार्यमा रोपिएका बिरुवालाई हुर्काउन र संरक्षण गर्न आवश्यक प्रबन्ध मिलाइएको छ। साथै जोगीकुटीदेखि मणिग्रामसम्मको सडकको दाया वाया वृक्षरोपण गरिएको स्थानमा स्थानीय संघ संस्था, क्लब र स्थानीय व्यवसायीहरुको सहकार्यमा बगैचा निर्माण कार्यलाई प्रवद्धन गरिएको छ। यो कार्यक्रम अन्य स्थानमा पनि लागू हुने क्रममा रहेका छ।

- नगरपालिक क्षेत्रबाट निस्कने फोहोरलाई स्रोतमै वर्गिकरण गरी गल्ने र नगल्ने फोहोर छुट्टाई फोहोर उत्पादनको मात्रालाई कम गर्न र फोहोरमैलाको वैज्ञानिक व्यवस्थापनका लागि साझेदार निकायहरुको समन्वयमा कार्य प्रारम्भ गरिएको छ। साथै फोहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटको सम्भाव्यता अध्ययन भईरहेको छ।

**आदरणीय पत्रकार मित्रहरु !**

- विकास, परिवर्तन र समृद्धिको तीव्र अपेक्षामा रहेका हामीहरु सबैका लागि एक सय दिनको अवधि आफैमा ठूलो होइन। यो छोटो अवधिमा विकास र समृद्धिका केही कामहरु प्रारम्भ गएको खुशी सबै नगरबासीसँग साट्न चाहान्छौं। सुरु गरिएका कतिपय कामहरु कानुनी प्रक्रिया, जटिलताका कारण समयमैं गर्न नसकिएको यथार्थता पनि नगरबासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाई समक्ष राख्न चाहान्छौं। तर, पनि चुनावमा व्यक्त प्रतिबद्धतालाई शिरोधार्य गरी हामी अघि बढिरहेका छौं।

  रुपन्देहीकैं मध्यभागमा अवस्थित तिलोत्तमा नगरपालिकालाई विकाशका दृष्टिकोणले नमूना बनाउन हामीहरु दत्तचित्त भएर लागेका छौं। नगरको विकास सबैको विकास हो। यसैले विकास/निर्माणका काममा आ-आफ्नो क्षेत्रबाट सहयोग पुर्याउन र रचनात्मक सुझाव, सल्लाह दिन हामी नगरबासीलाई आग्रह गर्दछौं। हामीले नगरबासीबाट प्राप्त रचनात्मक सुझाव, सल्लाहलाई सधैं आत्मसाथ गर्नेछौं। विकास/निर्माणका काममा हामीहरु सबैको एउटै दृष्टिकोण हुनुपर्छ भन्नेमा हामीहरु दृढ छौं। अन्तमा, हाम्रो सानो निमन्त्रणालाई स्वीकार गरी यो पत्रकार सम्मेलनमा उपस्थित हुनु भएका सम्पूर्ण पत्रकार साथीहरुप्रति पुनः हार्दिक आभार व्यक्त गर्दछु। धन्यवाद !

बासुदेव घिमिरे
नगर प्रमुख

मिति : २०७४।०७।०७